कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

Silver Jubilee YUGAAWHAN NATIONAL DAILY ESTD : 2057 25th RAJAT JAYANTI 2082

वर्ष: २५ | अंक: ३२२ | वि.सं. २०८२ फागुन ३० शनिवार | नेपाल संवत: ११४५, चैत्र कृष्णपक्ष दशमी | Saturday 14 March 2026 | yugaawhan@gmail.com | पृष्ठ: ४ | मूल्य: ५ ।-

एक सातादेखि इनिसाको शव प्रदेश अस्पतालमा

# कहाँ पुग्यो प्रहरी अनुसन्धान ?

**घटना घटेको एक सातासम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानेका छैनन् । सामुहिक बलत्कारपछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषिलाई उम्काउन खोजिएको उनीहरुको आरोप छ । घटना घटेको लामो समयसम्म पनि प्रहरीले विश्वस्त हुने आधार नदिएको पीडित परिवारको आरोप छ ।**

**ओम शाही**
**सुर्खेत, २९ फागुन ।**

वीरेन्द्रनगर नगरपालिका–१, की १६ वर्षीया इनिशा विकको शव एक सातादेखि कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र जस्तै छ। गएको शनिबार इनिशा वीरेन्द्रनगर–४, को जनजागरण सामुदायिक वनमा अचेत अवस्थामा फेला परेकी थिइन। प्रहरीले घटनास्थलबाटै १६ वर्षीय बालकलाई समेत नियन्त्रणमा लिएको थियो। मृतक इनिशाको पोष्टमार्टम रिपोर्टमा शारीरिक सम्बन्धपछिको अत्याधिक रक्तश्राप मृत्युको कारण देखिएको छ। प्रहरीले उक्त प्रकरणमा अन्य तीन बालकलाई नियन्त्रणमा लिएर अनुसन्धान जारी राखेको छ। घटनास्थलबाट पक्राउ परेका बालकले इनिशासँग शारीरिक सम्बन्ध राखेपछि अत्याधिक रक्तश्रापले अचेत भएको बयान दिएका छन्। उनले इनिशा अचेत भएर ढलेपछि आत्तिएर अन्य तीन जना साथिलाई फोन गरेर घटनास्थलमा बोलाएको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ।




प्रहरीले यस विषयमा सुक्ष्म अनुसन्धान जारी राखेको छ। घटनाको थप अनुसन्धान गर्न नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआईबी) ले समेत सुर्खेत प्रहरीसँग मिलेर अनुसन्धान गरिरहेको छ। जिल्ला प्रहरी कार्यालय सुर्खेतका प्रवक्तासमेत रहेका प्रहरी नायव उपरीक्षक मोहनजंग बुढथापाले छुट्टै अनुसन्धान कक्ष स्थापना गरी सिआईबीसँग मिलेर अनुसन्धान जारी रहेको बताए। उनका अनुसार पीडित र पीडकका मोबाइल लगायत विद्युतिय सामाग्री, इनिशाको भ्याजाइनल स्वाब लगायतका प्राप्त प्रमाणहरु केन्द्रीय विधिविज्ञान प्रयोगशालामा टकसिकोजिकल, बायोसेरोलोजिकल परिक्षणका लागि पठाइएको छ। त्यो रिर्पोट आएपछि मात्रै इनिशाको हत्याको रहस्य खुल्ने बुढथापाले बताए।

प्रहरीले घटनालाई विभिन्न कोणबाट विश्लेषण गरिरहेको छ। प्रवक्ता बुढथापाले कर्णाली प्रदेश प्रहरी कार्यालय नेपालगञ्जबाट पोलिग्राफ (झुट बोलेको पत्ता लगाउने मसिन) गर्ने टोलीले पनि अनुसन्धान गरिरहेको छ। विस्तृत अनुसन्धानपछि

बाँकी ३ पेजमा

## जिप्रकाअघि विद्यार्थीको धर्ना

सुर्खेतको वीरेन्द्रनगरस्थित इनिशा विक अध्ययन गर्ने विद्यालय उषा बालबाटिकाका विद्यार्थी न्यायको माग गर्दै आन्दोलित बनेका छन् । उक्त विद्यालयमा कक्षा ११ मा अध्ययनरत इनिशाको बलात्कारपछि हत्या भएको भनिएको घटनाको निष्पक्ष छानबिन गरी दोषीलाई कानुनअनुसार कडा कारबाहीको माग गर्दै विद्यार्थीहरूले जिल्ला प्रहरी कार्यालय सुर्खेतको गेटमा धर्ना दिएका छन्। विद्यार्थीहरूले इनिशाको हत्या भएको दाबी गर्दै सत्यतथ्य सार्वजनिक गर्न र पीडित परिवारलाई न्याय दिलाउन राज्य गम्भीर हुनुपर्ने बताएका छन् । प्रदर्शनका क्रममा विद्यार्थीहरूले केही समय विद्यालयअगाडि धर्ना दिएका थिए। उनीहरूले घटनामा संलग्न जोकोही भए पनि कानुनी दायरामा ल्याएर कडा कारबाही गर्न माग गरेका छन्।

## कञ्चनपुरमा डढेलोको जोखिम बढ्दो,पूर्वतयारी कमजोर



**युग संवाददाता**
**कञ्चनपुर, २९ फागुन ।**

बढ्दो गर्मीसँगै कञ्चनपुरका वन क्षेत्रमा डढेलो लाग्ने जोखिम पनि बढ्न थालेको छ। पतझरको समय सुरु भएसँगै वनमा पात झर्ने र नयाँ पालुवा पलाउने क्रम चलिरहेकाले सुक्खा वातावरणका कारण सानो आगोको झिल्कोले समेत ठूलो डढेलोको रूप लिने खतरा बढेको छ।

यस्तो संवेदनशील अवस्थामा पनि डढेलो नियन्त्रणका जिल्लामा प्रभावकारी पूर्वतयारीका कार्यक्रम पर्याप्त रूपमा सञ्चालन हुनसकेका छैनन्। चुरे फेदीका वन र लालझाडी–मोहना संरक्षण क्षेत्र आसपासका क्षेत्रमा डढेलोको जोखिम उच्च देखिएको छ। उक्त क्षेत्रमा रहेका सामुदायिक वनमा आगलागी नियन्त्रणका लागि आवश्यक पूर्वतयारी तथा सचेतनामूलक गतिविधि पर्याप्त नभएको सामुदायिक वन समन्वय समिति (सिएफसिसी) कञ्चनपुरका अध्यक्ष महेशदत्त जोशीले बताए।

उनका अनुसार पछिल्लो समय निर्वाचनको माहोलमा सबैको ध्यान केन्द्रित हुँदा वन संरक्षणको विषय ओझेलमा परेको छ। "वन क्षेत्रमा आगलागी रोक्न आवश्यक पूर्वतयारी गर्नुपर्ने हो, तर त्यसतर्फ सरकारी तथा गैरसरकारी निकायको ध्यान खासै गएको देखिँदैन", उनले भने।

अध्यक्ष जोशीका अनुसार वातावरण अत्यन्त सुक्खा हुँदै गएको छ र लामो समयदेखि पानी नपरेकाले डढेलोको सम्भावना झनै बढेको छ। "हावा सुक्खा छ, तापक्रम बढ्दै गएको छ, यस्तो अवस्थामा सानो आगोको झिल्कोले पनि पूरै वन क्षेत्र खरानी बनाउन सक्छ", उनले भने, "यसतर्फ सरोकारवालाहरूको ध्यान जानुपर्ने हो तर हालसम्म कुनै पनि निकायले चासो दिएको पाइएको छैन।" जलवायु परिवर्तनको प्रत्यक्ष असर पनि वनमा देखिएको छ।

वन क्षेत्रमा डढेलो लागे त्यसको प्रत्यक्ष असर जैविक विविधतामा पर्ने सीता सामुदायिक वनका अध्यक्ष पुनाराम चौधरीले बताए। डढेलोका कारण वन्यजन्तुको प्राकृतिक बासस्थान नष्ट हुनेमात्र

बाँकी ३ पेजमा

## 'निर्वाचनका सन्दर्भमा केही नीतिगत सुधारको अझै खाँचो छ'

**युग संवाददाता**
**काठमाडौँ, २९ फागुन ।**

भर्खरै सम्पन्न प्रतिनिधिसभा सदस्य निर्वाचन शान्ति, सुरक्षा र व्यवस्थापकीय हिसाबले प्रशंसनीय भए पनि त्यस निर्वाचनको अनुभवबाट केही महत्वपूर्ण विषयमा भने नीतिगत सुधारको आवश्यकता औँल्याइएको छ।




निर्वाचन प्रक्रिया र प्रणाली सुधारका क्षेत्रमा काम गर्दै आएको 'चेतना परियोजना'ले निर्वाचनको मिति घोषणापछि गरेको अनुसन्धानबाट निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष र मितव्ययी तुल्याउन थप केही नीतिगत विषयमा प्रभावकारी सुधारको खाँचो औँल्याएको हो।

समग्र विकास सेवा केन्द्र र फ्रिड्म स्टुडियोद्वारा आयोजित कार्यक्रममा परियोजना निर्देशक डा प्रेमराज ढुङ्गेलले आचारसंहिताको पूर्ण पालनासहित निर्वाचनसँग जोडिएर आएका केही महत्वपूर्ण विषयमा नीतिगत तहमै सुधार गर्नुपर्ने देखिएको बताए।

उनले संविधानमै आवधिक निर्वाचनको मिति तोक्ने व्यवस्था गर्न तथा हिंसात्मक द्वन्द्व वा विवादबाट पीडित उम्मेदवार र मतदातालाई क्षतिपूर्ति र राहतको व्यवस्था गरिनुपर्ने धारणा राखे। द्वन्द्व भन्नाले भौतिक आक्रमण भन्ने पाटोलाई मात्र नबुझिदिन आग्रह गर्दै उनले निर्वाचनलाई स्वस्थ रूपमा अघि बढाउने सिलसिलामा शान्तिपूर्ण रूपमै आएका चुनौती, देखिएका असहमति र समस्यालाई समेत सम्बोधन गर्न आवश्यक रहेको बताए।

उक्त संस्थाले निर्वाचनका बेला अनलाइन माध्यममा आएका घृणात्मक अभिव्यक्ति, दुष्प्रचार र उत्तेजनापूर्ण सामग्री सम्प्रेषण नियन्त्रण गर्न बेग्लै सामाजिक सञ्जाल लक्षित आचारसंहिता तर्जुमा गर्नुपर्ने आवश्यकता औँल्याएको छ।

चुनावको मिति घोषणापछि निश्चित अवधिसम्म उम्मेदवार र दलका सदस्यको राजनीतिक सम्बद्धता परिवर्तनमा निषेध गर्ने कानुनी व्यवस्था मिलाउन तथा लोकतान्त्रिक प्रणाली र नागरिक शिक्षासम्बन्धी विषय विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गर्न सुझाव दिइएको छ।

संस्थाले निर्वाचनमा हुने खर्च विवरण अनिवार्य सार्वजनिक गर्ने पारदर्शी प्रणाली लागू गर्न तथा दलभित्रको पारदर्शिता, आन्तरिक लोकतन्त्र र उत्तरदायित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिएको छ। परियोजना प्रतिवेदनमा भनिएको छ, "राजनीतिक दलले महिला उम्मेदवारलाई प्रोत्साहन गर्न सुरक्षा र गोपनीयता सुनिश्चित गर्न तथा आयोगले वार्षिक रूपमा निर्वाचनसम्बन्धी अनुगमन, मूल्याङ्कन तथा सुधारात्मक कार्यक्रम सञ्चालन गर्ने नीतिगत र कानुनी दायित्वसमेत निर्धारण गर्नुपर्ने देखिन्छ।"

बाँकी ४ पेजमा






कथा :

# पटना ७३



जगदीश घिमिरे

*एकाएक मेरा आँसु बग्नथाल्छन् । म रुन थाल्छु र ऊ फुल्याउन थाल्छ । हामी दुवै फुलिन्छौं, अनि म सोध्छु, "ओ.पी. तेरो आत्महत्या के भएर असफल भयो रे ?" परार उसले मुसा मार्ने बिख खाएको थियो ।*

म रोएँ। मलाई भारतको, पटनाको छात्रावासको यस कोठामा रुनु पनि रहेछ ।

अघि-अघि पनि रुन्थैं हुँला आमाको काख नपाएर, टाँसिने छाती नपाएर, सानु थाहा नपाउने हुँदा । थाहा पाउने भएर धेरै वर्षपछि फेरि रोएँ ।

किन रोएँ हँ ? कसलाई सम्झेर ? किन मेरो आँखा भनिने काँचका गुज्जा रसाए ? किन मेरो मुटु नामधारी रगत तान्ने फ्याँक्ने यन्त्रसमेत कल्पियो ?

मान्छे जन्मिनु पर्दा रुन्छ। मर्नु पर्दा रुन्छ। भेट्दा रुन्छ। छुट्टिंदा रुन्छ। हर्कमा रुन्छ। बिस्मातमा रुन्छ। हराउँदा रुन्छ। पाउँदा रुन्छ। मैले आफ्नो घर हराएँ । देश हराएँ । आफन्त हराएँ । पढाइ हराएँ, पाएँ, के ? कलम, रक्सी र नकार । हराउँदा त म रोएको थिएँ, पाउँदा रोइनँ। हराउनु र पाउनुबाट म धेरै अघि मुक्त भैसकेको थिएँ । म फेरि किन रोएँ ?

आँसुहरू जिन्दगीका नयाँ-नयाँ ढोका घच्घचाउँछन् । यी आँसुले नयाँ जिन्दगीको थालनी पो गरे कि ?

एक जुनीमा कति जिन्दगीहरू हुन सक्छन् ? के प्रत्येक पाइलो एक जिन्दगीको थालनी हो र दोस्रो पाइलो त्यस थालनीको समाप्ति ? के प्रत्येक मोड जिन्दगीको मोड हो ?

सम्भवतः हो ।

आँसुका गिर्खाहरू मेरो जिन्दगीमा मोड बनेर आए । मेरा आँखाबाट कमला, गिला आँसु निस्केनन् । कोपिला होइन, ढुङ्गेबगर बनेर ती आए पहाडी खोला बनेर तीमाथि बगे ।

रामेछापको मन्थली गाउँ ।

म घर छोडेर ओरालो झर्दैछु । मेरा आँखा बग्दैछन् । के म रुँदैछु ? के आँसु बग्नु रुनु हो ?

गोटादसेक घरको गाउँछ मन्थली शिखर । चार हजार फिट जति उचाइमा पर्छ । आधा कोस जति ओर्लनु छ तल उपत्यका, मन्थली बेंसी पुग्न अलिकति बेत हिंडेपछि तामाकोसी तर्ने ठाउँ आउँछ- मन्थली घाट, त्यो तरेर म पश्चिम लाग्नेछु काठमाडौं । म पढ्ने काठमाठौं । म पढ्न काठमाडौं पठाइँदै छु ।

बिदा हुने बेलामा आमालाई ढोग्न निहरिन्छु। आमा पछि हट्नुहुन्छ र भन्नुहुन्छ- 'बिदा नलेऊ वा, विदा लिएर परदेश नलाग्नु... चाँडै..... आउनू ।'

बिदा लिएर हिँडेपछि हिँडेको हिँड्यै होइन्छ... बेपत्ता... म आमाको गोडामा टाउको बिसाउँन्नँ। फर्कन्छु । हिँड्छु । भरिया हिँडिसकेको छ । ओरालो म मृर्ग जस्तै फुट-फुट ओर्लदैछु ढुङ्गाको थाप्लैथाप्ला टेकेर । ढुङ्गाका बीचको माटाका गिजा भलले बगाएको छ। म आमालाई फर्केर हेर्न सक्तिनँ । मेरो रुन जान्दै नजानेको मन रुँ-रुँ गर्न थाल्छ ।

तल्ला घरकी भाउजूले भन्नुभएको थियो- "तपाईं जानेहरूलाई के वास्ता ? तपाई हिँडेपछि आमा कति रुनुहुन्छ ।"

म गोठालो गएको थिएँ । भाउजू पानी भर्न आउनुभएको थियो । पात्ले पंदेराको ठूलो सालको रूख मेरो निम्ति बोधि वृक्ष हो, त्यसले मलाई जीवनमा पैलो पल्ट आँसुको अस्तित्व दियो, यहीँ मैले थाहा पाएँ मेरो निम्ति रुने आमा पनि हुनुहुन्छ ।

म आमा सम्झन्छु ।

खरूकीको पाखा सम्झन्छु । साल र सल्ला सम्झन्छु। सतीबयर काफल, ऐंसेलु, आट, धँगेरो, किन्दुक, शिरीषको वन सम्झन्छु । पात्ले पँधेरा सम्झन्छु। रमिते, लिसन पानी, केउरे पानी, ठूलो पात्लेमा गाई चराएको, बन्दुक बोकेर बरालिएको सम्झन्छु ।

मेरो आँखाअगाडि बढीमुहानको उठेको डाँडो छ। त्यहाँमाथि थानपति महादेवको थान छ। ती महादेव वैरा छन् रे। तिनीसँग कराएर वर माग्नु पर्छ रे । सुने भने मात्र मागेको दिन्छन् रे । कुमारीहरू लाजले केही माग्दैनन् । बच्चा पाउन इच्छुक गृहिणीहरू लाज पचाएर कराईकराई सन्तान माग्छन्। थानपतिले दिएका सन्तान यताहुँदी थुप्रै छन्। हाम्री आमाले सन्तान माग्नुपरेन। हामी तेह्र थान फटाफट जन्म्यौं। तीनवटा दाजुहरू हुर्केनन्। साढे पाँच फुटभन्दा अग्ला, पैसट्ठी किलोग्रामभन्दा गह्रौं हामी चार ज्यूँदा छौ, सग्ला छौ। आमा भन्नुहुन्थ्यो-सबै भन्थे, यस्ता छोराहरूकी आमा कस्ती भाग्यमानी होली ।

मेरा आँसु थामिएनन् ।

त्यो डाँडाको पश्चिमतिर भटौली खोलाको गहिरो र परसम्म लाम खोल्सो देखापर्छ । झन् पश्चिममा पकरबास डाँडा छ । अनि छ भर मैले उक्लनु पर्ने सान्नेको नाक ठोकिने उकालो। पकरबास माडीका खेतहरू ।

अनि तामाकोसी । ... तामाकोसी ... तामाकोसी । तामाकोसी मेरी प्रथम प्रेमिका हो । सप्तकोसीको यस शाखाले मलाई पैलो रोमाञ्च दिएको थियो । म यसलाई मन्थली गाउँ-बेंसीबाट आँखाले दिनभरि पिएर अघाउन्नँ । यससँग म दोहोरी गीत गाउँछु। पहाडी नदी सधैं चेतन हुन्छ। हेमन्त, शिशिर र वसन्तमा यसको पहिरन गाढा हरियो सङ्लो हुन्छ । देख्दै खाऊँ -खाऊँ जस्तो डुबूँ-डुबूँ बगूँ-बगूँजस्तो, उत्रूँ-उत्रूँजस्तो । ग्रीष्ममा मास्लो पत्र सेतो-सेतो हुन्छ । हिमाल नजिकै छ सिरानैमा, पग्लेर आइपुग्छ । पानी बढ्छ । चिसो पनि बढ्छ । लेक बर्सेको छ भने बढी कालो हुन्छ । गडतिर बर्सेको छ भने बढी रातो हुन्छ । होइन भने बर्खाभरि नै मैलो हुन्छ । कहिलेकाहीँ पहेंलो पनि हुन्छ। भेलको कोसीको रङ्ग कहाँबाट मुख्य भलवाढी आयो, त्यसमा भर पर्छ। लेकबाट बगेर मुढाहरू आउन थाल्छन् । गाउँ बगेको छ भने घरका थाम, निदाल, दलिन डुब्दै उत्रिँदै मुल्कैमुल्को कुद्छन् । हिमताल फुटेर पैरिएको छ भने बङ्गुर जत्रा माछा पाखामा आफलिन्छन्--ज्यादै धमिलो पानीमा बाँच्न नसकेर । ... अनि, अनि बल्ल मूल फुट्छ। मूल फुट्न यति बिघ्न हुनुपर्छ। ... मेरा आँखाको मूल एकाएक केही नभैकन कसरी फुट्यो ? शरद्को सङ्लो भेलजस्तो मेरो आँसु ... ।

तामाकोसीसँग मेरो आत्मीय सम्बन्ध छ, यसमाथि मेरो हार्दिक अधिकार छ । मेरा पुर्खा यसैको काखमा डढे, मलाई पनि यसैको छेउमा आगो लागिमाग्ने धोको छ । मेरी प्रेमिका तामाकोसी ऊ त्यो डाँडाको कातकातै बगेकी छ, नाङ्गै सुतेकी छ । मेरा आँखा त्यसको पाउबाट थालेर त्यसको बाङ्गो-टिङ्गो शरीर जम्मै सुम्सुम्याएर सिउँदोसम्म पुग्छन् ।

सिँउदोपछाडि मेलुङ-चरिकोट जाने उकालो ठडिन्छ । उत्तरतिर जफेमालू डाँडाको थाप्लामा टार खेतका गराहरू। अनि गौरीशङ्कर र रोल्वालिङ हिमालहरू । पूर्वतिर गिद्धेको लेक । रनजोर खोलाको शिरको भीषण पहिरो-घ्याप्चे । अलि वर सालु देउराली । अनि सुकाजोर खोलाको शिर । अनि भालुखोप र हिलेपानी । त्यहाँबाट पनि अलि यतै पर्छ रामेछाप बजार ।

मेरो मुटुमा सम्पूर्ण दृश्यको नक्सा घुम्छ । ढुङ्गाको, माटाको, वनको, पहराको, खोल्साको, चराको, चिनेजानेका मान्छेको... अहँ म कैल्यै फर्कन्नँ मन्थली ... कैल्यै पनि... बाँचुन्जेल अहँ... अहँ फर्कंदै फर्कन्नँ...।

घाट तर्न डुङ्गा चढ्छु । बा मलाई खर्च दिँदै भन्नुहुन्छ- 'राम्ररी पढ्नु ।' मैले कैल्यै राम्ररी पढिनँ । कलेजमा शान्तिले एक दिन सोधिन्- "सन्चो छैन ?"

"किन...?"

"अनुहार किन पहेंलो ?"

"रगत नभएर ।"

"सन्चो नभै नभै किन क्लास गर्नुपर्यो त ?"

केटा र केटी गरी हामी डेढ सय जति आइ.एस्सीका विद्यार्थीहरू एउटा क्लास सकेर अर्कामा जाँदैछौ । ऊ कुन्नि कताबाट कुन्नि किन मनिर आइपुग्छे । मलाई भनूँभनूँ लाग्छ- "म भोकै छु ।"

मैले आजसम्म कसैसँग यै एउटा कुरा भन्न सकेको छैनः भन्दिनँ । उसप्रति श्रद्धा जाग्छ । क्लास छाडिदिन्छु । यसै दिन भोकभोकै पढेर ठूलो मान्छे नहुने निधो गर्छु । हिजो बिहानदेखि म भोकै थिएँ । हिजो बिहान कुन्नि कसरी भात जुरेको थियो । हामी चार जना विद्यार्थीको भान्सा थियो । दुई जना दाजुहरू थिए, दुई जना भाइहरू थियौं । दाजुहरू मेसका भान्से मात्र थिए, हामी भाइहरू भान्से र भाँडा माझ्ने नोकर पनि थियौं । केही दिनदेखि चुल्हो बल्दैनथ्यो, हामी मागी खाँदैनथ्यौं, हामी इज्जतदार थियौं ।

हिजो साँझ म दश पैसाको भटमास खाएर सुतेको थिएँ । एकोहोरो आङको थिएँ । गहिरा आँखा झन् भासिएका थिए । त्यति बेलामा शान्तिभन्दा एक कप चियाको लागि कल्पिरहेको थिएँ ।

डेरा फर्केर म रोएँ ।

एक दिन भाइले भन्यो, "म घर छाडिदिन्छु ।"

म चुप लागिरहें।

सुनिरहें ।

मनले भन्यो, चार मैनाको पेट बोकेकी स्वास्नी बोकेर के एडभेन्चर गर्छस् ?

उसले मेरो मनको कुरा सुन्यो ।

"म ड्राइभरी गरेर पनि स्वास्नी पाल्न सक्छु," उसले भन्यो ।

ड्राइभरी गरेर स्वास्नी पाल्ने साहस नभएर मैले स्वास्नी ल्याएको थिइनँ । बाबु, दाजुसँग पालीमाग्न स्वास्नी फकाउने मेरो सिद्धान्त थिएन ।

मैले केही भनिनँ ।

एकाएक ऊ डाको छोडेर रुन लाग्यो ।

म फुल्याउन लागें ।

र, म पनि रुन लागें ।

"मेरो घर भए म तँलाई जान दिने थिइनँ," मैले भनें ।

'घर भएको भए तँ यसो भन्ने थिइनस्' उसको मनले भन्यो होला, सोचें ।

उसले घर त्यागिदियो । मैले घर समाएकै थिइनँ ।

अमाले भन्नुभो, "अरू आठ वर्ष बाँच्छु ।" मान्छेका शरीरको खडकुँलामा जब यातना उम्लेर बाफ बन्दछ-त्यो आँसु बनेर चुहिन्छ । त्यस आँसुलाई रक्सी पनि भन्दछन् ।

मेरा बगेका आँसुका थोपा जब म भएको ठाउँ फेरि आए-ती रक्सीको नदीको रूपमा आए ।

जतिन्जेल मैले रक्सीको नदीमा पौडी खेलें, मेरा आँसु बगेनन् । बिखको ओखती बिख ।

मैले सोचेथैं, त्रिभुवन विमानस्थलमा एभ्रोको ढोकासँगसँगै मेरो जिन्दगीमा एउटा पानु ढप्कियो र पटना विमानस्थलमा खुलेको त्यही ढोका सँगसँगै जिन्दगीको अर्को पानु उघ्रियो ।

रक्सी मैले काठमाडौँसँगै छाडिदिएँ । लामा दारी खौरें । साहित्यकारिता, पत्रकारिता जीवनको त्यो ढर्रा औरङ्गजेबले सङ्गीतलाई गाडेको जस्तो गरी त्यही गाडिदिएँ । फेरि विद्यार्थी हुने चेष्टा गरें । होस्टलमा बसें ।

पटनाले मलाई धेरै थोक दियो-ती चीजहरू जो समयले मसँग असमयमा खोसेको थियो युनिभर्सिटी, सँगै पढ्ने साथीहरू, विद्यार्थीजीवन । मेरो पटनाको पढाइ सकियो । फर्कने बेला आयो ।

उसले भनी, "म पनि जान्छु ।"

मैले भनें, "म तिमीलाई लैजान सक्तिनँ ।"

उसले भनी, "किन प्रेमको नाटक गर्यौ त ?"

मैले भनेँ- "प्रेम त तिमीले गर्यौ होला । मसँग प्रेम गर्ने हृदय छैन । मैले तिमीलाई राम्रो व्यवहार मात्र गरें ।"

काँचको भुइँमा बनेको ह्विस्कीको पाखेरीमा, मेरा चेतनाका केही माछाहरू सल्बलाउँछन् मेरा नजिकैका नाताहरू साथीहरू ... ।

बिहान आठ बजे बिउँझिएँ। सोझै वारमा पुगें, हिजोको तुस मार्नु जरूरी थियो । एक्लै खान मन लागेन । बोतल बोकेर ओ.पी. सिंहको कोठामा पुगें । पर्सि उसले बिहारको लोकसेवा आयोगको अन्तिम जाँच दिनु छ।

"ओ.पी. बोतल फोर ।"

"न खा । न खा । मातेर के गर्छस् ? मातलाई त उत्रिनु छ, छ ।" ऊ उपदेश दिन्छः हरेक जँड्याहा उपदेश दिन्छ । म पनि कटुवाललाई यसै भन्थें । देवानलाई यसै भन्थें । वैद्यलाई यसै भन्थें ।

"पानी ल्याऊँ ?"

"पानी मिसाएर म रक्सीको बेइज्जत गर्दिनँ," म भन्छु ।

ठूलो बोतल, दुई घुट्कामा ऊ आधा निखार्छ । कुर्सीमा बसेर रुन थाल्छ । ऊ मेरो पटनाको सबभन्दा नजिकको साथी हो ।

बाँकी आधा म निखार्छु र फुल्याउन थाल्छु ।

एकाएक मेरा आँसु बग्नथाल्छन् । म रुन थाल्छु र ऊ फुल्याउन थाल्छ । हामी दुवै फुलिन्छौं, अनि म सोध्छु, "ओ.पी. तेरो आत्महत्या के भएर असफल भयो रे ?" परार उसले मुसा मार्ने बिख खाएको थियो ।

"घरका मान्छेले चाँडै थाहा पाए," ऊ भन्छ, "वास्तवमा मैले राति खाएर सुत्नुपर्ने दिउँसै खाएँ ।"

कविता

## अब शान्ति छाओस् !!

ताराप्रसाद चापागाई

हिजो
आफ्नै आँगनमा
बन्दुक, बम
र युद्धको त्रासका
पराकम्पहरू गन्दै
काटिए कयौं अनिँदा
रातहरू ।
स्वदेशको त्यो बीभत्स
आतङ्क
अझै पनि स्मृतिको पत्रमा
विषालु खिल बनेर गडिरहेकै
छ ।

आज
परदेशको यो बिरानो धर्तीमा
जहाँ सुकुन, सुरक्षा र
रोजगारी खोज्दै आइपुगियो
त्यहाँ पनि
यो निर्जीव मोबाइलको
'ट्युँ-ट्युँ' आवाजले
ममतामय सन्देश होइन
संहारको साइरन बजाउँछ !
'सेल्टरमा लुक्न जाऊ' भन्ने
मेसेजले
मनको काँचो शान्तिलाई
पुनः धुजा-धुजा पारिदिन्छ ।

विडम्बना !
आफूसँग न त सेल्टर छ
न त कुनै अभेद्य ओत ।
शान्तिको पर्याय मानिएको
यो धर्तीमा
आज बारुदको धुवाँले
हावा निसासिँदो र भारी
भएको छ ।

अचम्म लाग्छ यो नियति
देख्दा
यदि कुनै दिन
बमको भीषण गर्जन सुनिएन
भने
त्यो मौनता पनि
एउटा भयानक रिक्तता जस्तो
लाग्छ !
मानौं
युद्ध नै अब यो जीवनको
अनिवार्य 'लय'
भइसकेको छ ।

विश्व

## नासाको अन्तरिक्षयान पृथ्वीको वायुमण्डलमा अपेक्षाभन्दा पहिले पुनःप्रवेश

**वासिङ्टन, २९ फागुन ।**
अमेरिकी अन्तरिक्ष निकाय नासाको एक अन्तरिक्षयान अपेक्षाभन्दा धेरै वर्ष पहिले पृथ्वीको वायुमण्डलमा पुनःप्रवेश गरेको छ।

नासाका अनुसार 'भान एलेन प्रोब-ए' नामक अन्तरिक्षयान बुधबार बिहान ६ बजेर ३७ मिनेटमा पृथ्वीको वायुमण्डलमा प्रवेश गरेको हो । यो अन्तरिक्षयान सन् २०१२ को अगस्टमा प्रक्षेपण गरिएको थियो र करिब १४ वर्षपछि वायुमण्डलमा फर्किएको हो ।

उक्त अन्तरिक्षयानलाई यसको जुम्ल्याहा अन्तरिक्षयान 'भान एलेन प्रोब-बी' सँगै पृथ्वी वरिपरि रहेको भान एलेन विकिरण घेराको अध्ययन गर्न पठाइएको थियो ।

अमेरिकी अन्तरिक्ष बलका अनुसार ' भान एलेन प्रोब-ए' प्रशान्त महासागरको पूर्वी भागमाथि वायुमण्डलमा पुनःप्रवेश गरेको हो । पृथ्वीको वायुमण्डल हुँदै प्रवेश गर्दा अन्तरिक्षयानको अधिकांश भाग जलेर नष्ट भएको अनुमान गरिएको छ, यद्यपि केही भाग बाँकी रहन सक्ने सम्भावना पनि रहेको नासाले जनाएको छ ।

यी अन्तरिक्षयानहरूले सन् २०१२ देखि २०१९ सम्म सक्रिय रूपमा काम गर्दै पृथ्वीको विकिरण घेरासम्बन्धी अभूतपूर्व तथ्यांक सङ्कलन गरेका थिए। यस अभियानका क्रममा वैज्ञानिकहरूले तीव्र सौर्य गतिविधिका बेला अस्थायी रूपमा तेस्रो विकिरण घेरा बन्न सक्ने नयाँ तथ्यसमेत पत्ता लगाएका थिए ।

सन् २०१९ मा दुवै अन्तरिक्षयानको इन्धन समाप्त भएपछि अभियान समाप्त गरिएको थियो । त्यस बेला वैज्ञानिकहरूले ती अन्तरिक्षयान सन् २०३४ तिर पृथ्वीको वायुमण्डलमा पुनःप्रवेश गर्ने अनुमान गरेका थिए। तर हालको सौर्य चक्रमा अपेक्षाभन्दा बढी सौर्य गतिविधि भएका कारण वायुमण्डलीय घर्षण बढ्यो र अन्तरिक्षयानको कक्षा चाँडै घट्दै जाँदा यो अपेक्षाभन्दा पहिले नै पृथ्वीमा फर्किएको हो । नासाका अनुसार यस अभियानबाट सङ्कलित तथ्याङ्कले अन्तरिक्ष मौसम र त्यसले उपग्रह, अन्तरिक्ष यात्री तथा पृथ्वीका सञ्चार, नेभिगेसन र विद्युत् प्रणालीमा पार्ने प्रभावबारे बुझ्न अझ सहयोग पुऱ्याइरहेको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |
| जिल्ला अस्पताल डोल्पा | : ०८७-५५०१११ |
| जिल्ला अस्पताल मुगु | : ०८७-४६०१६२ |

## आजको राशिफल

**मेष** — नयाँ अवसर पाइनेछ। तर चुनौती समेत देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला। छिद्र खोतल्नेहरूले दुःख दिनेछन्।

**तुला** — प्रक्रिया नमिल्नाले काम दोहोर्याउनुपर्ने हुन सक्छ । प्रतिस्पर्धामा उत्रनुपरे पनि मिहिनेतले उपलब्धि हातपार्न सकिनेछ।

**वृष** — समस्या र अर्थअभाव एकसाथ सामना गर्नुपर्ने देखिन्छ । आँटेको काम रोकिने भयले सताउनेछ । गरेको श्रमबाट उचित लाभ नहुन सक्छ।

**वृश्चिक** — प्राथमिकताका आधारमा काम गर्न नसक्दा पछि परिनेछ । बोली-व्यवहारमा अलि सजग रहनुपर्ला । हातबाट लक्ष्मी बाहिरिने सम्भावना देखिएकोछ।

**मिथुन** — रमाइलो भेटघाटले नयाँ अवसर पनि जुटाउन सक्छ । भौतिक साधन जुट्नाले पेसा-व्यवसायमा उत्साहजनक परिवर्तन आउनेछ।

**धनु** — पछिका लागि केही वस्तु त्याग्नुपर्ने हुन सक्छ। खर्च लागे पनि रोकिएका काम बन्नेछन् । लामो यात्रा गर्ने अवसर जुट्नुका साथै वैदेशिक क्षेत्र लाभदायक

**कर्कट** — रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ। मिहिनेतले राम्रै प्रतिफल दिलाउनेछ। प्रयत्न गर्दा दिगो फाइदा हुने काम हातलागी हुने समय छ।

**मकर** — सहयोगीहरू प्रशस्तै भेटिनेछन् । रचनात्मक कार्य प्रारम्भ गर्ने समय छ । रमाइलो जमघटका बीच स्वादिष्ट भोजनको आनन्द पाइएला।

**सिंह** — अवसरले पछ्याए पनि मौकाको फाइदा उठाउन निकै मिहिनेत गर्नुपर्ला । स्वास्थ्यका लागि खानपान र विश्राममा ध्यान पुर्याउनुहोला।

**कुम्भ** — नयाँ काम प्रारम्भ हुनेछ । गरेको कामले राम्रै लाभ दिलाउनेछ । साझेदारीमा पनि राम्रो फाइदा हुनेछ । आयआर्जनका स्रोत बढ्नेछन्।

**कन्या** — घर-परिवारमा असमझदारी बढ्न सक्छ । फजुल खर्च बढ्नेछ भने काममा पनि उल्झन आउन सक्छ। बेसुरमा दिइएको वचनले समस्या निम्त्याउनेछ।

**मीन** — विशेष कर्म प्राप्तिको योग छ। तर अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला। कुनै विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला।

कथा :

# अविश्वासको छाया



✍ वैकुण्ठ ढकाल

कोठा खोज्दा खोज्दा गोडा गलिसकेका थिए। कहीँ पानीको अभाव, कहीँ घाम नछिर्ने गुम्सिएको अँध्यारो, त कहीँ घरबेटीको कचकच। धेरै सास्तीपछि बल्ल एउटा यस्तो फ्ल्याट भेटियो, जहाँ टेक्नेबित्तिकै मनै फुरुङ्ग भयो।

खुला कौसी, झ्यालबाट देखिने सुन्दर दृश्य र छोराछोरी खेल्ने सानो बगैंचा। घरबेटी महिला पनि भद्र र शिष्ट। म मनमनै निकै खुसी भएँ- "बल्ल घर जस्तो घर भेटियो।" तर श्रीमतीको अनुहारमा भने अचानक एउटा छाया छायो। बाहिर निस्कने बेला उनले मेरो कुहिनोमा अलि जोडले चिमोट्दै भनिन्, "भयो, अहिले नै बैना नगर्नुस्। घर गएर सरसल्लाह गरौं।"

साँझको खाना खाँदै गर्दा मैले सोधेँ, "किन त्यति राम्रो कोठामा आनाकानी गरेकी ? फेरि यस्तो मौका पाउन गाह्रो छ।"

उनले खाँदाखाँदैको गाँस छोडिन् र मेरो आँखामा हेर्दै भनिन्, "कोठा त राम्रो हो तर घरबेटीको अवस्थाले मलाई झस्कायो। उनी एकल महिला रहिछन्। हुर्कँदै गरेकी छोरी। दिनभरि तपाईं घरमै बसेर काम गर्ने, म अफिसको कामले बाहिर गइरहनुपर्ने। उनी राम्री पनि छिन्, बोलीमा पनि माधुर्य। कतै तपाईंको मन डगमगायो अनि घर भाँडियो भने...."

म स्तब्ध भएँ। श्रीमतीको आँखामा ईर्ष्याभन्दा बढी मलाई गुमाउने डर झल्किरहेको थियो। मैले सम्झाउन खोज्दै भनेँ, "हेर, विश्वास त आफैँमा हुनुपर्छ नि, स्थानमा होइन। घरबेटीको रुपमा होइन, कोठाले मान्छेको मन फेर्ने हो भने सम्झ त हामी कति ठाउँमा कोठा सर्यौं"

उनले रुन्चे स्वरमा थपिन्, "मलाई विश्वासको डर होइन, समयको डर हो। मान्छेको मन त हो नि, कहिले कता बहकिन्छ के थाहा र ? एउटी नारीले अर्को नारीको आकर्षण पढ्न र बुझ्न सक्छे। म आफ्नो खुसी र परिवारको शान्तिमा कुनै पनि किसिमको जोखिम लिन चाहन्नँ। बरु सानो र अँध्यारो कोठामै बसौँला तर मेरो मनमा शङ्काको बीउ नरोपिने ठाउँ होस्।"

त्यस रात म धेरैबेरसम्म निदाउन सकिनँ। म सोच्दै थिएँ, "'के एउटा सुन्दर सम्बन्ध टिकाउन भौतिक सुविधाभन्दा अविश्वासबाट टाढा भाग्नु नै अन्तिम विकल्प हो त ?"

भोलिपल्ट मैले घरबेटीलाई फोन गरेर भनेँ, "हामी तत्काल कोठा नसर्ने भयौं।" मैले कोठा त गुमाएँ तर श्रीमतीको मनमा पलाउन लागेको त्यो सानो डरको डढेलोलाई भने मैले तत्काल निभाएँ।

कथा :

# अस्तित्वको मसी



✍ नारायणनाथ योगी

> "कलमको निब भाँचिएको थियो, मसी सकिएको थियो तर बालकले आफ्नो औंला अलिकति चिरेर त्यसैको रगतमा त्यो भाँचिएको टुक्रा डुबायो।

शहरको एउटा कुनामा एउटा पुरानो पुस्तकालय थियो, जहाँ समय आफैं सुस्ताएको जस्तो लाग्थ्यो। त्यहाँका भित्तामा हजारौँ पुस्तक थिए, तर तीमध्ये एउटा कुनामा एउटा भाँचिएको कलम अलपत्र अवस्थामा थन्किएको थियो।

त्यो कलम हिजोसम्म एउटा प्रखर दार्शनिकको हातमा थियो तर जब उनले दरबारको अन्यायका विरुद्ध एउटा क्रान्तिकारी वाक्य लेख्न शुरु गरे, सत्ताका सिपाहीहरूले त्यसलाई खोसेर भुइँमा पछारिदिए र दुई टुक्रा पारिदिए। सिपाहीहरू हाँस्दै हिंडे– "अब यसले केही लेख्ने छैन।" रातको निस्तब्ध शान्तिमा पुस्तकालयको एउटा महँगो र चम्किलो 'फाउन्टेन पेन'ले त्यो भाँचिएको कलमलाई गिज्याउँदै भन्यो, "हेर तिम्रो हविगत ! जो शक्तिसँग जुध्न खोज्छ, उसको अन्त्य यसरी नै हुन्छ। अब तिमी न लेख्न सक्छौ, न त कसैले तिमीलाई सजाएर नै राख्नेछ। तिम्रो विश्वास ढलेको दिन नै तिम्रो मृत्यु भइसक्यो।"

भाँचिएको कलम शान्त थियो। उसले बिस्तारै भन्यो, "मित्र, तिमीलाई लाग्छ म सकिएँ ? तिमी चम्किलो छौ किनकि तिमीले सधैँ सत्ताको प्रशंसा मात्र लेख्यौ। तिम्रो मसीले कहिल्यै कसैको आँशु पुछेन, न त कहिल्यै सत्य बोल्ने साहस नै गर्‍यो। तिमी जीवित त छौ तर तिम्रो आत्मा कैद छ।"

त्यही बेला, एउटा सानो बालक पुस्तकालयभित्र लुक्दै छिर्यो। उसले भित्तामा एउटा नारा लेख्नु थियो, तर ऊसँग केही थिएन। उसले भुइँमा देखेको त्यही भाँचिएको कलमको तिखो टुक्रा उठायो। कलमको निब भाँचिएको थियो, मसी सकिएको थियो तर बालकले आफ्नो औंला अलिकति चिरेर त्यसैको रगतमा त्यो भाँचिएको टुक्रा डुबायो।

त्यो भाँचिएको कलमको बाँकी रहेको तिखो भागले भित्तामा ठूला अक्षरमा लेख्यो– "विचार कहिल्यै मर्दैन।"

भोलिपल्ट बिहान, त्यो बालक र कलम दुवै त्यहाँ थिएनन्। तर, भित्तामा लेखिएको त्यो रक्तिम अक्षरले सिङ्गो शहरलाई जुरुक्क उठाएको थियो। चम्किलो कलम अझै पनि टेबलको एउटा कुनामा सुस्तरी सुतिरहेको थियो तर त्यो भाँचिएको कलम इतिहासको हरेक पानामा जीवित भइसकेको थियो।

स्मृति :

# ३७ बर्षपछिको चौरजहारी रुकुम

✍ पूर्ण प्रसाद गौतम



जागिरे शिलशिलामा ३७ वर्ष पहिले अर्थात ४५ बैशाख १ गते देखी लागु हुने गरी बैशाख १०/१२ गते चौरजहारीमा हिडेरै पहिलो पटक आएका थिएँ। २०८२ पौष १६ गते जाजरकोटमा सुर्खेतबाट गाडीमा पुगेँ। साँझ त विजुली बलेको जस्तो ठुलै शहर जस्तो देखिन्थ्यो। विहान जाजरकोट सदरमुकाम खलगांबाट हेर्दा त सेताम्मे सेतो कपास भरिएको जस्तो मानौँ जाडोले चौरजहारी नगरी सेतो कपासले लटपटिएको जस्तो लाग्यो।

मध्यान ११-१२ बजे तिर मात्र खुल्यो तै पनि आफू बसेको पुरानो ठाउँ, पुराना मानिससँग भेटघाट गर्ने सुरले गाडीबाट भेरीवारी पुगेँ। पारी मटेला पुल तरेर अटो रिक्साबाट चौरजाहारी वजारमा जहाँ राष्ट्रिय वाणिज्य बैंक शाखा एक्लैको सेवा थियो। जनताबाट पनि प्रिय नै थियो। महिला विकास शाखाबाट सिफारिस समूहगत महिलालाई ऋण दिनु पर्ने पुरुषलाई पनि व्यापार कर्जा सुन कारोवार र अन्य ५, ७ वटा सहकारी कार्यालयको कामको चापले ४/५ जना कर्मचारी व्यस्त हुन्थ्यौं। आजकाल राष्ट्रिय वाणिज्य बैंक रहेको घर पुरानो भएको सो बैंक र अन्य बैंक एनआईसी एसिया बैंक शाखाको साईनो बोर्ड नयाँ नयाँ घरले पुरानो सडक घर बजारले कोल्टे फेरेको पुरानोको। नाम निसाना केहि पनि नभएको। चिने जानेको मान्छे कोही नदेखिएको। बजार वरिपरी हिडे पुरानो मुस्लिम व्यापारी कोहि चिनिएन। नयाँको हाकुभाकु कोहि नचिनेको हुनाले आउ भन्ने कुरै भएन।

अरु बजार विचमा स्वामी रुखको वरिपरी कपडा वेरेर दिसापिसाव फेरेको। सो स्थानलाई स्थानीय बजारको वासीको सहयोगबाट सफा गरी सानो लक्ष्मी नारायणको मन्दिर बनाइएको थियो। एक जना महानन्द गौतमजिलाई पुजारी बनाई दैनिक पुजा आजा गराईएको थियो। बैंक कर्मचारी र व्यापारी मिलेर मासिक सेवा गरेका थियौँ। तिनि मन्दिरको स्थान खाली भएको स्वामी वृक्ष पनि एक्लै भएको महसुस भयो। बैंक घरधनि दिलवहादुर भण्डारी र उनको जेठी बुहारी दुई छोराको मृत्युले मन खिन्न भयो, अर्का व्यापरी दिल वहादुर वलीको पनि धर्मपत्निको मृत्यु भएको। धर्मराज श्रेष्ठ नेपालगञ्ज झरेका/पूजा गर्ने पुजारीको पनि मृत्यु भएको दिल वहादुर वलीसँग भेट गर्दा यो मन्दिर म एक्लै भएपनि बनाउने हो। अहिले परिवार बितेकाले ढिला भयो भन्नुभयो। उहाँलाई केही आश्वासन दिएर परिवारको सम्झनामा राम्रै गर्नुहोला भनियो। उहाँको नाति, नातिना अमेरिका, अस्ट्रेलिया रहेछन् जेहोस् उहाँलाई राम्रै रहेछ।

लक्ष्मी नारायण भगवानको कृपा रहिरहोस्। उहाँको सबै परिवारमा/उहाँको आथित्यमा विस्कुट र चिया लियौँ। ४०/५० वर्ष पहिले हामी लेजर पल्टाउने कर्मचारीहरु आफ्ना ग्राहक आएमा कोही पाहुना कर्मचारी आएमा मनैले भएपनि स्वागत गरिन्थ्यो। घर कहाँ पर्‍यो, के कामले आउनुभयो, केही सेवा थियो कि भनिन्थ्यो। मतलव व्यवहारिक भएर काम गर्ने चलन बसेको थियो। तर रहिले कम्प्युटर चलाउने कर्मचारी भएर मेसिन भयो। मानिस मुखी भएनन्। नचिनेको ग्राहक जस्तो भएर फर्कियो। अहिलेको गणतन्त्रको शिक्षा वारी जाजरकोट खलंगा हिउँदमा पहाडिलो घाम लागेको भिरफोडेर घर पाँच छ तले बनेका हावा पानी राम्रो। शान्त जिल्ला सदरमुकामलाई जमिनको कमि भएको। राज्यबाट पनि तेरो मेरो नभनि समथर स्थानमा नेपालको भू-बनोट हेरेर कृषि भेटेनरी वनको प्रचुर आएछ भन्ने राम्रो सोच राखेर भेटिए विद्यालय, सबै रोगको उपचार हुने खालको अस्पताल बनाउन पर्ने हो त्यो समझदारी छैन। मतलव भेरीवारी/भेरीपारी प्रसस्त छ खाली जमिन त्यो जिल्ला पश्चिम रुकुम/वारी जाजरकोट सदरमुकामा निर्माण गर्ने समथर जमिन छैन। केही निर्माण गर्नुपर्ने भएपनि सालका रुख जडा उखेल्न जमिन खोतल्दै गैटी र गोदाली, गिटी, बालुवा र ढुङ्गा प्रशस्त भेरीको पानी। त्यहि सामान उकाले लागि सालका रुख फडानि र पैसाको नोक्सानी। सालको रुख आफैमा वलियो र धनवान रुख हो। तेरो मेरो जिल्ला नभनि भेटिए फाइदा लिनु पर्ने हो ठुला वडाले जे सोच्यो त्यहि हुकुम। जिल्ला जाजरकोट, पश्चिम रुकुम। पृथ्वि नारायन शाहले पानीसम्म जग्गामा घर नबनाउने निति थियो। उपयोग नभएको जमिन खेर नफाले हुन्थ्यो। राणाकालिन समयमा पनि चन्द्र शमसेरले सल्यानबासीलाई काम लागेको छ। अझै पनि लागेकै छ। भेरीवारी, पारी मोटर बाटो त्यहि मोटर गाडी चलाउन छैन पक्की पुल वारी पारी। त्यसरी नदिको वेग नरोकिएझै गाडी कुडाउन पर्ने हो भने नारायणघाट मुग्लिन, गजुरी, खानीखोला दोहोरो गाडी कुद्ने मार्ग हुन जरुरी छ। धेरै दुर्घटना हुन्थेन जस्तो लाग्छ। खंलगा वजार जाजरकोट एक किनारा अर्को किनारामा चौरहजारी नगरपालिका बजार खंलगा वजार भन्दा ठुलो एरिया छ। त्यहाका दुवै जिल्ला वासिन्दालाई गाडीबाट सरासर आउ जाउ सुविधा तत्कालै हुन पर्ने हो। दुई बजार जोड्न पक्की पुल निर्माणाधिन छ। कहिलेसम्म हो जिल्ला रुकुम। ठुलावडाको हुकुम। राम्रो विकास राम्रो शिक्षा राम्रो स्वास्थ्य कहिले मिल्ला यो मेरो सानो सोचाई। अहिलेका कम्प्युटर वादिलाई घोचाई।

*(प्रस्तोता वी.न.नं.पा.७ ईत्राम, सुर्खेत निवासी हुन्)*

## कहाँ...

मात्रै अन्य तीन बालकको संलग्ना भए/नभएको पुष्टि हुने उनले बताए। वीरेन्द्रनगर-६, स्थित उषा बालबाटिका माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत इनिशा त्यसदिन प्रयोगात्मक कक्षा लिन भन्दै घरबाट निस्किएकी थिइन। घटनापछि प्रहरीले विभिन्न स्थानबाट निकालेका सीसी टिभी फुटेजमा इनिशा र ति बालकसँगै हिँडेको देखिन्छ। घटनास्थलबाट पक्राउ परेका बालकले अचनाक इनिशा बेहोस भएपछि अन्य तीन जना साथीहरुलाई बोलाएको बयान दिएपनि पीडित परिवारले भने चारै जनाको सामुहिक बलत्कारपछि हत्या भएको भन्दै कानुन बमोजिम कारवाहीको माग गरेर शव बुझ्न मानेका छैनन्। पीडित परिवारले २५ फागुनमा पक्राउ परेका चारै जनाविरुद्ध कर्तव्य ज्यान र जबर्जस्ती करणीसम्बन्धी किटानी जाहेरी दर्ता गराएका थिए।

परिवारको जाहेरीपछि भेरी अस्पताल बाँकेका फेरेन्सिक विशेषज्ञ डाक्टर अर्विन शाक्यको टोलीले प्रदेश अस्पताल पुगेर इनिशाको शव परीक्षण गरेको थियो। उक्त परीक्षणबाट जबरजस्ती करणीका क्रममा संवेदनशील अंगमा गम्भीर चोट लागेर अत्यधिक रक्तस्राव भई उनको मृत्यु भएको उल्लेख छ। घटना घटेको एक सातासम्म पनि वास्तविक तथ्य बाहिर नल्याएको भन्दै परिवारले इनिशाको शव बुझ्न मानेका छैनन्। सामुहिक बलत्कारपछि हत्या भएको घटनामा मृत्युको कारण रक्तश्राप देखाएर दोषिलाई उम्काउन खोजिएको उनीहरुको आरोप छ। घटना घटेको लामो समयसम्म पनि प्रहरीले विश्वस्त हुने आधार नदिएको पीडित परिवारको आरोप छ। मृतक इनिशाकी आमा तिलाले घटनाको निष्पक्ष छानविन गरि दोषिमाथि हदैसम्मको कारवाही हुनु पर्ने माग गरिरहेकी छन्। उनको शव कर्णाली प्रदेश अस्पतालको शव गृहमा अलपत्र छ। इनिशा मृत्यु प्रकरणमा न्यायको माग गर्दै नागरिक समाज र अधिकारकर्मीहरुले संघीय राजधानी काठमाडौंसम्म आवाज उठाएका छन्। उनीहरुले घटनाको निष्पक्ष छानविन गरी दोषिलाई कारवाही हुनुपर्ने माग गरिरहेका छन्।

## कञ्चनपुरमा...

नभई घिस्रेर हिँड्ने सरीसृप वर्गका जीवजन्तु ठूलो मात्रामा नष्ट हुने खतरा रहेको उनले उल्लेख गरे।

"वनमा डढेलो लागेपछि ठूलो आकारका जनावर भाग्न सक्छन्, तर साना जीवजन्तु र सरीसृपहरू आगोबाट बच्न सक्दैनन्", उनले भने। यसका साथै लाखौँ रूपैयाँ मूल्यबराबरका काठ, बहुमूल्य जडीबुटी तथा वनसम्पदा जलेर नष्ट हुने जोखिम पनि उत्तिकै रहेको उनले उल्लेख गरे। यसै चुनौतीलाई मध्यजनगर गरी फायरलाइन सरसफाइको कार्यमा जोड दिइएको उनको भनाई छ।

यस जोखिमलाई ध्यानमा राख्दै केही सामुदायिक वनहरूले अग्निपथ (फायर लाइन) सरसफाइ तथा वनभित्र थुप्रिएका सुक्खा पातपतिङ्गर हटाउने कार्यमा जोड दिन थालेका छन्। तर सीमित स्रोतसाधनका कारण यस्ता गतिविधि सबै वन क्षेत्रमा प्रभावकारी रूपमा सञ्चालन हुनसकेका छैनन्। लालझाडीदेखि चुरे क्षेत्र वन्यजन्तुको आवतजावतका लागि अत्यन्त महत्त्वपूर्ण करिडोर मानिन्छ।

उनका अनुसार यस्तो जोखिमपूर्ण अवस्थामा अग्नि नियन्त्रण दललाई सक्रिय अवस्थामा राख्नुपर्ने भए पनि त्यस्तो व्यवस्था प्रभावकारी रूपमा हुनसकेको छैन। "सूचना प्रणाली पनि चुस्तदुरुस्त बनाउनुपर्ने हो, तर त्यो पनि पर्याप्त रूपमा सक्रिय छैन", उनले भने।

लालझाडी-मोहना संरक्षण क्षेत्रमा मात्रै ९४ वटा सामुदायिक वन छन्। डिभिजन वन कार्यालयले भने डढेलो न्यूनीकरणका लागि सचेतनामूलक कार्यक्रम सञ्चालनको तयारी भइरहेको जनाएको छ। कार्यालयका डिभिजनल वन अधिकृत लक्ष्मीराज जोशीले वन क्षेत्रमा आगलागीका घटना कम गर्न सामुदायिक वनका पदाधिकारी र उपभोक्तालाई सचेत गराउने कार्य गरिएको बताए।

"सामुदायिक वनका पदाधिकारीलाई अग्निपथ (फाइर लाइन) सफा गर्ने, वनमा थुप्रिएका सुक्खा पातपतिङ्गर हटाउनेजस्ता कार्य गर्न मौखिक र पत्राचारमार्फत जानकारी दिएका छौँ", उनले भने। डढेलोबाट हुने जोखिमबारे जनचेतना फैलाउन एफएम रेडियो तथा छापा सञ्चारमाध्यममार्फत सूचनामूलक सन्देश पनि प्रसारण भइरहेको उनले जानकारी दिए। तर डढेलो नियन्त्रणका लागि पर्याप्त बजेटको अभाव रहेको उनले स्वीकार गरे। "डढेलो नियन्त्रणका लागि बजेट सीमित छ, त्यसैले सामुदायिक वन समूहका पदाधिकारी र उपभोक्तालाई परिचालन गरेर काम अघि बढाइएका छौँ", उनले भने।

केही समयभित्रै विभिन्न स्थानमा डढेलोसम्बन्धी सचेतनामूलक छलफल, गोष्ठी तथा अन्तर्क्रिया कार्यक्रम आयोजना गरी स्थानीय बासिन्दालाई सचेत बनाउने योजना रहेको उनले बताए। डिभिजन वन कार्यालयले डढेलो लागेका स्थानमा तत्काल नियन्त्रणका लागि आवश्यक उपकरण र साधनको व्यवस्था गर्ने तयारी पनि गरिरहेको जनाएको छ। आवश्यक परेको खण्डमा ट्र्याक्टरमा पानी ट्याङ्की जडान गरेर आगो निभाउने व्यवस्था मिलाइएको उनले उल्लेख गरे।

त्यसैगरी, डढेलो नियन्त्रणका लागि आवश्यक पर्ने सामग्री सामुदायिक वन उपभोक्ता समूहलाई वितरण गर्ने योजना पनि रहेको कार्यालयले जनाएको छ। डढेलोको जोखिम बढ्दै गएकाले जनचेतना अभिवृद्धि गर्न सप्ताहव्यापी कार्यक्रम सञ्चालन गर्ने तयारी पनि भइरहेको डिभिजनल वन अधिकृत जोशीले जानकारी दिए। "स्रोत साधन सीमित भए पनि वन क्षेत्रमा सम्भावित डढेलो नियन्त्रणका लागि कर्मचारी, सामुदायिक वनका पदाधिकारी, सुरक्षाकर्मी र स्थानीय उपभोक्ताबीच समन्वय गरेर काम गर्ने तयारी गरिएको छ", उनले भने।

डढेलोको जोखिम बढ्दै गएकाले समयमै प्रभावकारी पूर्वतयारी गर्नुपर्ने बैजनाथ सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष बहादुरसिंह महरा बताउँछन्। "वन क्षेत्रको संरक्षण केवल सरकारी निकायको मात्र दायित्व नभई स्थानीय समुदाय, सामुदायिक वन समूह र सरोकारवालाको साझा जिम्मेवारी हो", उनले भने, "वन क्षेत्रमा सुक्खा पातपतिङ्गर व्यवस्थापन, अग्निपथ निर्माण तथा स्थानीय तहमा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नसके आगलागीको जोखिम धेरै हदसम्म घटाउन सकिन्छ।"

सुक्खा मौसम, पतझरको समय र मानव गतिविधिका कारण ती क्षेत्रमा हरेक वर्ष आगलागीको जोखिम बढ्ने गर्दछ। वनमा लाग्ने ९० प्रतिशतभन्दा बढी डढेलो मानवीय कारणले लाग्ने गरेको छ। वनमा वनभोज खान जानेहरूले आगो ननिभाइ छाड्ने, गोठालाले नयाँ घाँस पलाउने लोभमा आगो लगाउने र सिकारीले जनावरलाई लखेट्न आगोको प्रयोग गर्नेजस्ता गतिविधिले डढेलो निम्त्याउने गरेको छ।

## छत्रेश्वरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

भोटेचौर सल्यान,
कर्णाली प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत भएको आशयको सूचना

प्रकाशन मिति : २०८२/११/२९

यस कार्यालयद्धारा सूचना प्रकाशित गरी विधुतिय बोलपत्रआह्वान गरिएकोमा निर्धारीत मितिमा दर्ता हुन आएका बोलपत्रहरुमध्य तपसिल बमोजिमका बोलपत्र न्यूनतम मूल्यांकित सारभुत रुपमा प्रभावग्राही देखिएकाले सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमाली, २०६४ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना प्रकाशन गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का नं | कामको विवरण | कबोल अङ्क भ्याट र पि.एस. सहित | निर्माण व्यवसायीको नाम र ठेगाना |
|---|---|---|---|---|
| १ | CRM-NCB-WORKS-7-2082/083 | १ नम्वर वडा कार्यालय भवन निर्माण। छत्रेश्वरी-१, सल्यान | रु ५४,४६,००४.८४ | सोनम एकिकृत निर्माण सेवा, छत्रेश्वरी ३ सल्यान। |
| २ | CRM-NCB-WORKS-8-2082/083 | भानुभक्त मा.वि. घेरबार पर्खाल निर्माण छत्रेश्वरी-१, सल्यान | रु १७,५४,५२७.२३ | डि.एस.टि. निर्माण सेवा, सारदा ६, सल्यान। |

प्रमुख प्रशासकीय अधिकृत

जि.प.का.सु.द.नं. ११/२०५७/०५८
हु.नि.द.नं. ०१/२०८०/०८१
युगआह्वान
राष्ट्रिय दैनिक

# ग्याँसको कालोबजारी गरे कारवाही गर्ने प्रशासनको चेतावनी

**युग संवाददाता**
**सुर्खेत, २९ फागुन ।**

जिल्ला प्रशासन कार्यालय सुर्खेतले ग्याँस तथा इन्धनको कृतिम अभाव सिर्जना गरे कारवाही गर्ने चेतावनी दिएको छ। मध्यपूर्वी देश इरान र इजराय युद्धमा धकेलिएपछि इन्धनको अभाव हुनसक्ने भन्दै सरकारले आपूर्तिलाई सहज बनाउन आधा भरिएको सिलिण्डर विक्रि गर्न सुरु गरेको थियो । ब्यापारीहरुले यही मौकाको फाइदा उठाउँदै कर्णाली प्रदेशको राजधानी सुर्खेतमा ग्याँसको कालोबजारी गर्न खोजेपछि प्रशासनले यस्तो चेतावनी दिएको हो।

'यस जिल्लाका विभिन्न उपभोक्ताहरुद्वारा बजारमा खाना पकाउने ग्याँस (एल.पि. ग्यास) तथा इन्धनको सहज प्राप्तिमा कठिनाई भएको भन्ने गुनासो आएकोले कोही कसैले पनि अनावश्यक रुपमा इन्धन तथा ग्याँस सिलिन्डर होल्डिङ्ग नगरी ग्याँस तथा इन्धन आपूर्तिलाई सहज तुल्याउन हुन अनुरोध छ,' शुक्रबार सूचना जारी गर्दै प्रशासनले भनेको छ। साथै, अनावश्यक रुपमा ग्याँस सिलिन्डर होल्डिङ्ग गरेको पाइएमा, बढि मूल्य लिई ग्याँस तथा पेट्रोलियम पदार्थ विक्रि गरेमा र नयाँ सिलिन्डरको बजारीकरण गरेको पाइएमा प्रचलित कानून बमोजिम कारवाही गर्ने चेतावनी प्रशासनले दिएको छ।

# कांग्रेस सभापति थापाले राजीनामा दिन लागेका हुन् ?

**युग संवाददाता**
**काठमाडौं, २९ फाल्गुन ।**

फागुन २१ गते सम्पन्न प्रतिनिधि सभा निर्वाचनको नतिजाले नेपाली कांग्रेस दोस्रो प्रमुख राजनीतिक शक्ति बने पनि संसदमा इतिहासकै कमजोर उपस्थिति हुने भएको छ। योसँगै पार्टी नेतृत्वले पराजयको जिम्मा लिने कि नलिने भन्नेबारे पनि बहस भइरहेको छ।

बिहीबारमात्रै सकिएको मतगणना अनुसार कांग्रेसले प्रत्यक्षतर्फ १८ र समानुपातिकतर्फ २० सिट जित्दै प्रतिनिधि सभामा ३८ सांसदसहित प्रतिनिधित्व गर्ने निश्चित भएको छ।

जेनजी आन्दोलनपछि विशेष महाधिवेशन गरेर गगन थापा सभापति बने। गत पुस २७ देखि ३० गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा भएको विशेष महाधिवेशनबाट थापा सभापति र विश्वप्रकाश शर्मा उपसभापति चुनिए। उनीहरूकै नेतृत्वमा 'बदल्यौं कांग्रेस, बदल्छौं देश' भन्ने नारासहित प्रतिनिधि सभा निर्वाचनमा कांग्रेस होमियो।

निर्वाचनका बेला सभापति थापाले नै सार्वजनिक रूपमा 'अबकी बार सय पार' को नारा बनाउन नेता-कार्यकर्तालाई निर्देशन दिएका थिए। यो भनाइको अर्थ कांग्रेसले १०० सिटभन्दा बढी प्रतिनिधि सभामा जित्छ भन्ने थियो।

तर, निर्वाचनमा कांग्रेस यति नराम्ररी पछारियो कि प्राप्त सिट संख्या हेर्दा इतिहासकै कमजोर उपस्थिति जनाउने बाटोमा अगाडि बढ्यो।

पार्टीभित्र गरेको विद्रोहले अघिल्लो निर्वाचनमा आएको जनमत सुरक्षित गर्नु त परैको कुरा, टक्कर दिने प्रतिपक्षीसमेत बन्न नसकेपछि सभापति थापाले राजीनामा दिने मनस्थिति बनाएका छन्। निर्वाचनको नजिता पूर्ण रूपमा नआउँदै फागुन २५ गते सोमबार साँझ उपसभापति विश्वप्रकाश शर्मासँगको कुराकानीमा सभापति थापाले आफू नैतिकताका आधारमा राजीनामा दिने मनस्थितिमा पुगेको बताएका थिए।


भेटमा सभापति थापाले उपसभापति शर्मालाई चुनावमा भोगेको पराजयको जिम्मा लिँदै पदबाट राजीनामा दिने मनस्थितिमा पुगेको बताएका शर्माको सचिवालयले सञ्चारमाध्यमहरूलाई जानकारी गराएको थियो।

'चुनावमा पार्टीको पराजयको जिम्मेवारी लिएर मैले पद त्याग गर्नु उचित हुन्छ। म राजीनामा दिन्छु,' थापाले शर्मालाई भनेका थिए।

उनले राजीनामा दिने बताएपछि शर्माले निर्वाचनमा पराजित हुनुमा सभापतिको मात्रै दोष नभएको र अहिले राजीनामा दिँदा पार्टी झन् अप्ठ्यारोमा पर्ने भन्दै नदिन सुझाएका थिए। निर्वाचनको समीक्षा गर्न केन्द्रीय समिति बैठक बोलाउने र त्यसमा छलफल गर्नुपर्ने शर्माको भनाइ थियो।

त्यसपछि थापाले मनस्थिति बदलेको उनी निकट स्रोत बताउँछ। 'राजीनामा दिने तयारी गर्नुभएको थियो। उपसभापतिज्यूसँग भेट भएपछि मनस्थिति बदलेजस्ते लाग्यो,' थापा निकट स्रोतले भन्यो, 'अब केन्द्रीय समिति बैठक बोलाएर छलफल गर्ने, त्यो छलफलमा के निष्कर्ष निस्कन्छ, त्यसका आधारमा अगाडि बढ्ने भन्ने उहाँको कुरा छ।'

## घुँयत्रो



रास्वपाका नेताजीहरु देशभर तपाईंहरले चुनाब जित्नाकारण तपाईंहरले पुराना पाटिको भन्दा राम्रो संगठन बनाएर त्यसकै आधाराँ चुनाब जित्या हैन। बरु जनताले पुराना दलहरुको शेखि मेटाउन तपाईहरलाई भोट द्या हुन। त्यसैले हाम्लाई भोट दिने जति सबै हाम्रा पाटिका हुन भनेर  मख्ख नपर्दा हुन्छ। जसरि पुराना दलले जनतालाई मान्छेको श्रेणीमै नगनेर जनताले जे भने ठिक त्यसविपरित काम गर्दै गएर यो परिणति भोग्नु पर्यो। तपाईंहरुलेनि जनताले चाहेको र संविधानले देखाएको बाटो हिँडनु भएन र जनताको आदेश र घोषणापत्रमा लेखेका  गर्नु भएन भने तपाइँहरुको दुई तिहाईको हविगतनि ऐलेको काँग्रेस , एमालेको जस्तै हुनेछ।त्यसैले सबैभन्दा पहिला तपाईंहरु पाटिका पदाधिकारी बस्नोस तपसिल बमोजिमका काम पहिलो प्राथमिकतामा गर्दै जाने निर्णय गर्नोस, तबमात्र जनताले तपाईंहरुलाई जिताएकोमा गर्व गर्नेछन भने चुनाबमा सहि पाटि छानेर  जिताएको ठहर गर्ने छन। त्यसैले सरकार बनाएछि सबैभन्दा पहिला तपसिल बमोजिमका कामहरु गर्दै जाने प्रण गरेर अघि बढनु होला जनता सदैब तपाईंहरुप्रति सकारात्मक बन्ने छन।

१- मन्त्रालयको संख्या १४ मात्रै रहने गरि मन्त्रीमण्डल बनाउनु होस। मन्त्री बनाउँदा चष्जतब्बल चष्जतब्ष्लष्कतचथ को नीति लिनु होला।
२- सभामुख विपक्षि दललाई दिनु नै पर्छ दिनु होला। तपाईंहरुको २/३ ( दुई तिहाई भएकोले सदनमा कुनै अप्ठ्यारो पार्नै सक्दैनन। यसमा संसदको अर्थ समितिको सभापति नि विपक्षिलाई दिनु होला किनभने प्रजातान्त्रिक परिपाटीमा यो यौटा सामान्य नियम हो।
३-संविधानले यो यो कानुन बनाउनु भनेर निर्देशन गरेको हकमा ऐलेसम्म नबनाईएको कानुन बनाउन ५ सदस्यिय टिम बनाएर सम्पूर्ण कानुनको मस्यौदा तयार गर्नु होला।
४-अर्को यौटा टिम बनाएर बाझिएको हदसम्म र अन्य आबस्यक र दैनिक प्रशासनको सरलिकरण र सेवा प्रवाह सहज हुने कानुनको मस्यौदागर्न लगाउनु होला ।
५-निजामती सेवा नियमावलि र शिक्षक नियमावलि नयाँ बनाएर लागू गर्नु होला। यी ऐन बनाउँदा ट्रेडयुनियन खोल्न नपाईने ब्यबस्था गर्नु होला।
६- सरकारी कार्यालय र कर्मचारीको ओएनएम गराएर आबस्यकता भन्दा बढि कार्यालय र कर्मचारी हटाउनु होला।
७- बेरोजगारी  हटाउन विगतमा एमाले काँग्रेसले बेचेका र बर्तमानमा आबस्यक पर्ने उद्योगहरु सरकारकै तर्फबाट खोल्ने र खोल्दैजाने नीति सहित निजि क्षेत्रबाट उद्योग खोल्न चाहेमा अत्यन्त सरल तरिकाले उद्योग खोल्ने ऐन ल्याउनु होला।
८- अनावश्यक तरिकाले जनताबाट करलिने परिपाटि हटाउनु होला।
९- विगतमा कालोसूचिमा परेका ठेकेदार हरुलाई ठेक्का गर्न नपाईने ब्यवस्थाका साथै ठेकेदारहरुले अलपत्र पारेका देशैभरका सडक,पुल,भवन,अस्पताल,विद्यालय सरकारी कार्यालय सबैको निरिक्षण गर्न ईन्जिनियर सहितको यौटा टिम बनाएर ती कुन काम पैले गर्नेहो एकिन गरि निर्माण कार्यमा लाग्नु होला।
१०- राज्यले स्वास्थ्य ,शिक्षा र जेष्ठ नागरिकमा कस्तो नीति लिने हो त्यो एकिन गर्नु होला।
११- हिमालमा फलफूल, जडिबुटि र एकीकृत बस्ति ( पहाडमा समेत) को धारणा बनाएर ब्यापकरुपमा पशुपालन ब्यवसाय र दूध र फलफुलमा आत्मनिर्भर बन्ने योजना ल्याएर कार्यान्वयनमा जानू होला।
१२- स्वदेशमै चिकित्शा शास्त्र अध्यन गर्न कलेज तथा विश्वविद्यालय खोल्ने नीति ल्याउनु होला।
१३- अबको शिक्षा सैद्धान्तिक सँगै ब्यवहारिक प्रयोगमा लग्ने गरि योजना ल्याउनु होला र दक्षता र सीप सिकाईका शिक्षालयहरुसमेत हरेक जिल्लामा स्थापना गर्ने ब्यवस्था मिलाउनु होला।
१४- तराईमा ती खेति गर्ने गरि नीति ल्याएर निजि वा सरकारी तबरबाटै खेति गर्ने परिपाटि विकास गर्न सबैभन्दा पहिला सिचाइ नभएको ठाउँमा सिचाइ गर्ने व्यवस्था मिलाउनु होला।
१५- तरकारी र केरामा आत्मनिर्भर हुन र बाह्रैमास यी खेति गर्न पहाड र तराईका जिल्लाहरु छुट्याएर किसानलाई खेति गर्न अनिवार्य रुपमा मल बीउ उपलब्ध गराउने र त्यसको शुल्क, उत्पादनपछि किसानबाट असुल गर्ने ब्यबस्थासँगै बेचविखनका लागि बजारको ब्यवस्था गर्नु होला। *(बाँकि अर्को अंकमा)*

## निर्वाचनका...

कुनै निर्वाचन क्षेत्रमा राजनीतिक तनाव तथा विशेष जोखिम देखिएमा अग्रिम सूचना दिई जानकारी गराउने प्रारम्भिक चेनावनी प्रणाली विकास गरिनुपर्ने तथा निर्वाचन प्रक्रियामा हुने हिंसा, द्वन्द्व र कानुनविपरीत कार्य गरेमा कारबाही सुनिश्चिता गर्ने नीतिगत व्यवस्थाको खाँचो औँल्याइएको छ।

निर्वाचन आचारसहिता पालना र कार्यान्वयनमा कडाइ गर्दै उल्लङ्घन गर्नेलाई तत्काल कारबाही गर्न तथा उम्मेदवारको व्यक्तिगत, राजनीतिक, आर्थिक तथा अन्य संस्थागत संलग्नताको पारदर्शी विवरण जाँच तथा सार्वजनिक गर्ने व्यवस्था लागू गर्न सुझाव दिइएको छ।

उक्त परियोजनाले मूलधारका सञ्चारमाध्यम, अनलाइन मिडिया र सामाजिक सञ्जालमा आएका विषयवस्तुलाई आधार बनाइ गरेको तीनमहिने अध्ययनमा त्यस अवधिमा ३०० भन्दा बढी द्वन्द्वका घटना अभिलेख गरिएकामा शान्ति, सुरक्षासँग जोडिएका ११२ वटा रहेको उल्लेख छ। त्यसमध्ये सबैभन्दा बढी बागमती प्रदेश र काठमाडौँ जिल्लामा भएका जनाइएको छ।

त्यस्ता घटनामा राजनीतिक दल र उनका कार्यकर्ता जोडिएको पाइएको तथा केहीमा भने राज्यका प्रतिनिधि पनि संलग्न रहेको भेटिएको प्रतिवेदनमा उल्लेख छ। यसपटक निर्वाचन त्यस्ता केही घटनामा निर्वाचन अधिकृतसमेत मुछिएको तथा केही स्थानमा 'नो भोट'को विषय पनि उठेको बताइएको छ।

नेपालको निर्वाचनबारे कार्यपत्र प्रस्तुत गर्दै अधिवक्ता सागर घिमिरे निर्वाचनलाई थप स्वच्छ, स्वतन्त्र र विश्वासिलो तुल्याउन यससम्बन्धी मापदण्ड, कार्यविधि, नीति, ऐन, नियमको परिमार्जनदेखि संविधान संशोधनको आवश्यकतासमेत रहेको बताए।

आफूले मत दिएका उम्मेदवार निर्वाचित हुनुअघि कसरी कालोसूची पर्न सक्छ भन्ने मतदाताको जिज्ञासालाई शान्त तुल्याउन सक्नुपर्नेमा जोड दिँदै उनले त्यस्ता घटनाले मतदाताको मत खेर जान सक्ने पाटोमा राज्यले पहिल्यै ध्यान पुर्‍याउन सक्नुपर्नेमा जोड दिए।

राजनीतिक दल र उम्मेदवारले बुझाएको खर्चको विवरण सही हो वा होइन भनी परीक्षण गर्ने विधि आवश्यक रहेको बताउँदै उनले आगामी निर्वाचनलाई चुस्त र व्यवस्थित तुल्याउन विद्युतीय मतदान उपकरणको प्रयोग गर्नेतर्फ राज्यको ध्यानाकर्षण गराए।

९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर
हाम्रा विशेषताहरु
- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्युशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफ्नै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट
लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

घरायसी सामानहरुका लागि :
भवानी अर्डर एण्ड सप्लायर्स
वीरेन्द्रनगर-६, सुर्खेत,
सम्पर्क नं. ९८४८२१५६००, ९८५८०२२७१८



हामी कहाँ मिक्चर, ग्याँस चुल्हो, राइसकुकर, कराई, कोला बोतल, फिल्टर, थर्मस, ईलेक्ट्रिक जग, थर्मस, आइरन, फेन, डिस्पेन्सरका साथै विभिन्न ब्राण्डका एसी.टि.भी. फ्रिज थोक तथा फुटकर मुल्यमा पाईन्छ ।

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा
९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२
भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत
Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
✔ गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
✔ चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
✔ बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
✔ डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
✔ गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
✔ सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।



युगआव्हान दैनिकका लागि प्रकाशक/सम्पादक: दीपककुमार बुढा क्षेत्री, कार्यकारी सम्पादक: ओम बहादुर शाही, प्रधान कार्यालय: वीरेन्द्रनगर, सुर्खेत, कर्पोरेट: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
शाखा कार्यालय: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली फोन: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ मुद्रण: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।